अगस्त 05, 2023

DCSD का अभिभावक तथा विद्यार्थीहरू:

विद्यालय वर्ष 2023-2024 मा स्वागत छ ! तपाईंलाई सेवा प्रदान गर्ने अवसर पाउँदा मैले सम्मानित भएको महसुस गरेको छु । म प्रतिबद्धताको स्तर र सार्वजनिक शिक्षाको लागि तपाईंको अटुट समर्थनबाट प्रभावित भएको छु । DeKalb County School District सम्बन्धी मेरो परिकल्पनाले हाम्रो कामको हरेक पक्षमा समता तथा समावेशी प्रतिबद्धतालाई समेट्छ । मैले विश्वास गरेको छु कि सबै विद्यार्थीहरूले उनीहरूको पृष्ठभूमि वा सामाजिक आर्थिक स्थिति जे जस्तोसुकै भए पनि उच्च गुणस्तरको शिक्षाको पहुँच पाउनु पर्दछ ।

मेरा मूल मूल्य मान्यता मानवताको हेर्ने नजरियामा आधारित छ, जहाँ एक व्यक्ति अर्को व्यक्तिको लागि महत्त्वपूर्ण हुन्छ; DCSD लाई सफल बनाउने प्रयासमा हामी प्रत्येकले गर्ने कामको सम्मान हुन्छ, र अन्ततः, सबै विद्यार्थीहरूको शैक्षिक सफलता सुनिश्चित हुन्छ ।

हामीले "उत्कृष्टताका लागि अवरोध" को यो यात्रा सुरु गर्दै गर्दा - चाहेका परिणामहरू प्राप्त गर्नका लागि फरक तरिकाले चीजहरू गर्न साहसी बन्दै गर्दा - हाम्रो सकारात्मक अवरोधको परिणाम स्वरूप आउने अवसरहरूमा ध्यान केन्द्रित गर्न सम्झनुहोस् । अझ महत्त्वपूर्ण कुरा, म हामी प्रत्येकलाई दैनिक रूपमा हाम्रो H-PRIDE देखाउन चुनौती दिन्छु ।




मैले सरोकारवालाहरूसँग अन्तरक्रिया, सामुदायिक साझेदारहरू अन्वेषण, र हाम्रा कर्मचारीहरू तथा विद्यार्थीहरूको क्षमता बढाउँदै गर्दा, म तपाईंलाई मसँग जोडिन निमन्त्रणा गर्दछु । सहकार्य गरेर र सहयोगात्मक रूपमा, हामी दैनिक रूपमा H-PRIDE प्रदर्शन गरेर उत्कृष्टता कार्यान्वयन तथा सञ्चालन गर्नेछौं ! तपाईंलाई सेवा प्रदान गर्न पाउँदा मैले सम्मानित भएको महसुस गरेको छ । यो विद्यालय वर्षलाई उत्कृष्ट बनाऔं !

तपाईंको सेवामा समर्पित,

डा. Devon Q. Horton
सुपरिन्टेन्डेन्ट